मिति २०७८ साउन १०

## माननीय अर्थमन्त्रीको पूर्व अर्थमन्त्रीज्यूहरुसँग अन्तरक्रिया सम्बन्धी प्रेस नोट

आज मिति २०७८ साउन १० गते माननीय अर्थमन्त्री जनार्दन शर्मा 'प्रभाकर' ले अर्थतन्त्रका विद्यमान चुनौति र समस्याहरु तथा तिनको सम्बोधनका लागि लिनु पर्ने नीतिगत सुधारहरुका सम्बन्धमा पूर्व अर्थमन्त्रीहरुसँग अन्तरक्रिया गर्ने क्रममा पूर्व अर्थमन्त्रीहरु माननीय श्री सुरेन्द्र पाण्डे, माननीय श्री वर्षामान पुन र श्री शंकरप्रसाद कोइरालासँग छलफल गर्नुभयो ।

उक्त कार्यक्रममा आफ्नो सुझाव राख्नु हुँदै पूर्व अर्थमन्त्री माननीय सुरेन्द्र पाण्डेले कोभिड महामारीका कारण अर्थतन्त्रको भावि परिदृश्य गतिलो नदेखिएको हुँदा वर्तमान सरकारले सोही बमोजिम आर्थिक नीति तय गर्नु पर्ने बिचार व्यक्त गर्नुभयो। साथै पुँजीगत खर्चमा लक्ष्य बमोजिम प्रगति हासिल हुन नसक्नु अर्थतन्त्रको चुनौति भएकोले यस तर्फ विशेष ध्यान दिनुपर्ने र पुँजीगत खर्च हुन नसक्नुमा अन्य मन्त्रालयहरुको मात्र कमजोरी छ कि अर्थ मन्त्रालयको पनि कुनै कमजोरी छ भन्ने कुराको गंभीर समीक्षा गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले व्यापार क्षेत्रबाट रोजगारी सिर्जना नहुने भएकोले उद्योग क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्न सुझाव दिनुभयो। साथै पूर्वमन्त्री पाण्डेले वर्तमान सरकारले अनुत्पादक क्षेत्रमा हुने सार्वजनिक खर्च कटौतीमा समेत विशेष ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो ।

त्यसैगरी सुझाव दिने क्रममा पूर्व अर्थमन्त्री शंकर प्रसाद कोइरालाले संवैधानिक प्रावधान बमोजिम अर्को बजेट ल्याउन सम्भव नदेखिएकोले अध्यादेशबाट जारी भएको बजेटको पुरकको रुपमा केही आर्थिक कार्यक्रमहरु समेटिएको नीतिपत्र जारी गरेर अघि बढ्नु पर्ने बिचार व्यक्त गर्नुभयो। उहाँले कृषि, जलस्रोत, पर्यटन, हस्तकला र जडिबुटीजन्य उद्योगलाई अर्थतन्त्रको प्राथमिकतामा राखेर सोही बमोजिम आर्थिक नीति तथा कार्यक्रम तय गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। पुँजीगत खर्च बढाउने सन्दर्भमा माननीय अर्थ मन्त्रीले देखाउनुभएको तदारुकताको सर्हाना गर्दै अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयहरुको काम कारबाहीमा निरन्तर झकझक्याउने शैली अपनाउनुपर्ने तर्फ समेत पूर्वमन्त्री कोइरालाले जोड दिनुभयो ।

कार्यक्रमा आफ्नो सुझाव राख्नुहुँदै पूर्व अर्थमन्त्री माननीय वर्षमान पुनले कोभिडको असर अझै बाँकी रहेको र तेस्रो लहरको खतरा समेत देखिने अनुमान भइरहकोले खोप खरिदलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। कोभिडबाट प्रभावित उत्पादनमूलक क्षेत्रको लागि राहत प्याकेज ल्याउन सुझाव दिनुहुँदै उत्पादनमूलक उद्योगको क्षेत्रमा गरिने लगानीका सम्बन्धमा विशेष नीति अखितयार गर्न समेत सुझाव दिनुभयो। राष्ट्रिय गौरवका आयोजना र अन्य केही प्राथमिकताका आयोजनामा ध्यान केन्द्रित गरी

सरकारी खर्चमा मितव्ययीता कायम गर्नुपर्ने आवश्यकता औल्याउनुभयो । साथै पुँजीगत खर्च वृद्धिका लागि अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयबीच पर्याप्त विश्वासको वातावरण सिर्जना गर्दै अघि बढ्नुपर्ने तर्फ जोड दिनुहुँदै वर्तमान सन्दर्भमा स्रोत व्यवस्थापन समेत अर्थतन्त्रको प्रमुख चुनौति भएको तथ्य राख्नुभयो ।

कार्यक्रममा आफ्ना भनाई राख्नुहुँदै माननीय अर्थमन्त्रीले राष्ट्रिय सहमति, उपलब्ध स्रोत तथा विद्यमान जनशक्तिको कुशल संयोजनबाट कोभिड महामारीबाट अर्थतन्त्रमा परेको प्रभाव र त्यसबाट सिर्जित प्रतिकूल परिस्थिति अन्त गरिने विश्वास व्यक्त गर्नु भयो ।

सरकारको प्राथमिकता कोभिड महामारीको रोकथाम तथा नियन्त्रण भएकोले सम्पूर्ण नागरिकलाई खोप उपलब्ध गराउने गरी सरकारले काम गरिरहेको हुँदा यथासक्य छिटो पूर्ण खोप अभियानले अर्थतन्त्रको पुनर्उत्थानमा योगदान दिने र अर्थतन्त्रका चुनौतिहरु सम्बोधन हुँदै जाने बिचार व्यक्त गर्नु भयो ।

कोभिड महामारीका कारण सिर्जित प्रतिकूलता अन्त गर्न सरकारले आवश्यक नीति र कार्यक्रम जारी गर्ने बिचार व्यक्त गर्नुहुँदै सो का लागि स्रोत व्यवस्थापनमा सरकारको प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि स्रोत व्यवस्थापनमा आत्मनिर्भर हुनैपर्ने धारणा व्यक्त गर्दै माननीय अर्थमन्त्रीले त्यसको लागि औद्योगिक उत्पादन वृद्धि गर्ने गरी नीतिगत व्यवस्था गरिने कुरा जानकारी दिनुभयो। साथै उपभोगमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा बदल्ने सोंचका साथ आफूले काम गरिरहेको समेत माननीय मन्त्रीले बताउनुभयो ।

पुँजीगत खर्चमा अपेक्षित प्रगति नहुनुमा संरचनागत तथा प्रणालीगत समस्याहरु समेत रहेकाले त्यसको सम्बोधन गरी चालु आर्थिक वर्षमा लक्ष्य बमोजिम प्रगति हासिल हुने गरी काम गरिने तर्फ जोड दिनुहुँदै माननीय अर्थमन्त्रीले संसदमा पेश गरिएको अध्यादेश बजेटको निकास सँगै ठोस कार्यक्रम बनाएर काम गर्ने योजना रहेको बिचार व्यक्त गर्नुभयो ।

कार्यक्रम शुरु गर्नुहुँदै अर्थ सचिव शिशिर कुमार ढुङ्गानाले अर्थतन्त्रको वर्तमान स्थिति सम्बन्धमा संक्षिप्त प्रस्तुति गर्नुभएको थियो। सो क्रममा अर्थतन्त्रका मुख्य चुनौतीहरुबारे चर्चा गर्दै सचिव ढुङ्गानाले गुणात्मक पुँजीगत खर्च बढाउनुपर्ने, राजश्व संकलनमा २२ प्रतिशतले वृद्धि गर्नुपर्ने, वित्तीय अनुशासन कायम गर्नुपर्ने, व्यापारमा आधारित अर्थतन्त्रलाई उत्पादनमा आधारित अर्थतन्त्रमा रुपान्तरण गर्ने तथा बढ्दो व्यापार घाटा घटाउनुपर्ने चुनौति रहेको कुरा व्यक्त गर्नुभएको थियो ।